# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर, सल्यान
## कर्णाली प्रदेश, नेपाल ।

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कर्णाली, प्रदेश कालिमाटी, सल्यान २०७३

### रोजगार सहायक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/०३ गते)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठ्माण्डौंको च.नं. ३६३ मिति २०७९/०३/२२ गतेको प्राप्त पत्रानुसार तथा यस कार्यालयको मिति २०७९/०३/३१ गतेको निर्णयानुसार कालिमाटी गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा तपसिलको पदमा खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१.माग गरिएको पदको विवरणः

| क.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-२०७९/८० | रोजगार सहायक | सहायकस्तर पाँचौ सरह | १ | |
| २ | ०२-२०७९/८० | प्राविधिक सहायक | सहायकस्तर पाँचौ सरह | १ | |

२.आवश्यक न्यूनतम योग्यता र अनुभवः

अ. रोजगार सहायकको हकमा न्यूनतम शैक्षिक योग्यता र अनुभवः

क. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह/१२ कक्षा वा सो सरह उतिर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

आ. प्राविधिक सहायकको हकमा न्यूनतम शैक्षिक योग्यता र अनुभवः

क. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा सिभिल ईन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

ग. कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।

घ. पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ ।

३.दरखास्त दिने स्थानः कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय रामपुर, सल्यान ।

४.दरखास्त दिने अन्तिम मितिः २०७९/०४/१७ गते कार्यालय समयभित्र । यदि दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

५.आवेदन दस्तुरः रु. ५००/- (अक्षरुपी पाँच सय मात्र)

६.छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परिक्षा, प्रयोगात्मक परिक्षा र अन्तरवार्ता ।

७.आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

क. नागरिकता
ख. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग. चारित्रिक प्रमाण पत्र
घ. तालिमको प्रमाण पत्र
ङ. अनुभव भए सोको कागजात
च. पासपोर्ट साईजको फोटो २ प्रति ।

८.सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

०८।४।३

गोरख बहादुर थापा

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(नोटः आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम पदपूर्ति सम्बन्धी अन्य जानकारी कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।)